नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं.: ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ८-२०८१।८२
च.नं./pmep/ ४५८

मिति: वि.सं. २०८२/०३/११
ने.सं.:११४५ दिल्लाथ्व पारु, बिहीबार

श्री रोजगार संयोजक,

(सम्बन्धित स्थानीय तह)।

***विषय: श्रम संसार प्रणाली सम्बन्धी अनलाईन अभिमुखीकरण कार्यक्रममा सहभागिता सम्वन्धमा।***

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा निर्मित 'श्रम संसार' (shramsansar.gov.np) सूचना प्रणालीको शुभारम्भ सम्माननीय प्रधानमन्त्रीज्यूबाट १३९ औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा मिति २०८१/०१/१९ गते भएको व्यहोरा सादर अनुरोध छ।

यस प्रणालीको प्राविधिक पक्षबारे जानकारी प्रदान गर्न तथा सबै स्थानीय तहका प्रयोगकर्ता खाता (User ID) सिर्जना गर्ने उद्देश्यले मिति २०८१/०२/२५ देखि २०८१/०३/०१ सम्म विभिन्न चरणमा अनलाइन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा केही रोजगार सेवा केन्द्रहरू छुट्न गएको हुँदा, त्यस्ता केन्द्रहरूमा कार्यरत रोजगार संयोजकज्यूहरू (उक्त पद रिक्त रहेको स्थानीय तहको हकमा रोजगार सहायक/प्राविधिक सहायक) का लागि मिति २०८२/०३/१६ गते बिहान ११:०० बजेदेखि १२:३० बजेसम्म पुनः अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको छ। तसर्थ, तोकिएको मिति र समयमा भर्चुअल माध्यमबाट अनिवार्य रूपमा सहभागी भइदिनुहुन निर्णयानुसार अनुरोध गरिन्छ।

***द्रष्टव्य:***

- भर्चुअल बैठक (ZOOM Meeting) को लागि आवश्यक ID र Password यहाँहरूको EMIS प्रणालीमा दर्ता भएको आधिकारिक इमेलमा पठाइनेछ।
- कार्यक्रममा 'श्रम संसार' प्रणालीमा स्थानीय तहको खाता खोल्ने र विवरण प्रविष्ट गर्ने कार्य गरिने हुँदा ल्यापटपसहित अनिवार्य उपस्थित हुनुपर्नेछ।

२०८२।०३।११
..................
(कुशल बराल)
शाखा अधिकृत